# भाषा सहयोग सेवाहरू

www.rtd-denver.com/language-access



Language.services@rtd-denver.com

303.299.6000

## तपाईंको इन्टरनेट ब्राउजरको भाषा कसरी परिवर्तन गर्ने



Google Chrome ........ 1
Mozilla Firefox ........ 4
Microsoft Edge ........ 6
Apple Safari ........ 9


## Google Chrome

1. Google Chrome ब्राउजर खोल्नुहोस्।
2. विन्डोको माथिल्लो दायाँ कुनामा,  आइकन बटनमा क्लिक गर्नुहोस्।
3. देखा पर्ने ड्रप-डाउन मेनुमा, **Settings** चयन गर्नुहोस्।
4. अर्को विन्डोमा, 


ड्रप-डाउन बटनमा क्लिक गर्नुहोस्।
5. *Language* खण्ड बटनमा क्लिक गर्नुहोस्।

6. *Languages*खण्डमा, *Language*विकल्पको दायाँ भागमा रहेको **तल वाण** मा क्लिक गर्नुहोस्।





7. देखा पर्ने मेनुमा, Add languages लिङ्कमा क्लिक गर्नुहोस्।

8. अर्को स्क्रीनमा, एक वा सो भन्दा बढी भाषा(हरू) को छेउमा रहेको जाँच बाकसमा क्लिक गर्नुहोस् (A) त्यसपछि **Add** बटनमा (B) क्लिक गर्नुहोस्।



9. तपाईंको नयाँ चयन गरिएका भाषाहरू *भाषा* मेनुमा देखा पर्नु पर्छ। एउटा रोज्नका लागि, भाषाको दायाँ भागमा रहेको ⋮ आइकनमा क्लिक गर्नुहोस् त्यसपछि **Display Google Chrome in this language** बाकसमा ठिक चिन्ह लगाउनुहोस्।





10. **Relaunch** गर्नुहोस् बटनमा क्लिक गर्नुहोस् वा नयाँ भाषा प्रदर्शन गर्न आफ्नो Chrome ब्राउजर बन्द गरेर फेरि खोल्नुहोस्।

# Mozilla Firefox


1. Mozilla Firefox ब्राउजर खोल्नुहोस्।

2. ब्राउजर विन्डोको माथिल्लो बायाँ कुनामा रहेको आइकन बटनमा क्लिक गर्नुहोस्।


3. देखा पर्ने ड्रप-डाउन मेनुमा, **Settings** चयन गर्नुहोस्।
4. *Language* खण्ड अन्तर्गत, Choose... बटनमा क्लिक गर्नुहोस्।




5. विन्डोमा, **Select a language to add** बटनमा क्लिक गर्नुहोस्।




6. तपाईंको इच्छित भाषा (A) मा क्लिक गर्नुहोस्, **Add** बटनमा क्लिक गर्नुहोस् त्यसपछि **OK** बटन (B) मा क्लिक गर्नुहोस्।





7. नयाँ भाषा प्रदर्शन गर्नका लागि आफ्नो ब्राउजर फेरि सुरु गर्नुहोस्।

# Microsoft Edge


1. Microsoft Edge ब्राउजर खोल्नुहोस्।
2. ब्राउजर विन्डोको माथिल्लो कुनामा रहेको **सेटिङ्हरू र थप आइकन** बटनमा क्लिक गर्नुहोस्।
3. ड्रप-डाउन मेनुमा, तल्लो भाग नजिकै, **Settings** चयन गर्नुहोस्।




4. स्क्रिनको बायाँ भागमा, *सेटिङहरू* अन्तर्गत, **Languages** बटनमा क्लिक गर्नुहोस्।




5. *Languages* खण्ड अन्तर्गत, **Add languages** बटनमा क्लिक गर्नुहोस्।



6. देखा पर्ने प्रोम्प्टमा, तपाईंले ब्राउजरमा प्रदर्शन होस् भन्ने चाहेका भाषा(हरू) रोज्नुहोस् त्यसपछि **Add** बटनमा क्लिक गर्नुहोस्।





7. भाषा खण्डमा फर्कनुहोस्, तपाईंको प्राथमिक भाषा राख्नुहोस् र दायाँ छेउमा रहेको ··· आइकन बटनमा क्लिक गर्नुहोस्। त्यसपछि, यस **Display Microsoft Edge in this language** बाकसमा ठिक चिन्ह लगाउनुहोस्।
8. 

बटनमा क्लिक गर्नुहोस् वा ब्राउजर बन्द गरेर फेरि खोल्नुहोस्।


# Apple Safari

Safari macOS मा एकीकृत छ। परिणाम स्वरूप, तपाईं Safari मा प्रदर्शन गरिएको भाषा परिवर्तन गर्न आफ्नो Mac भाषा सेटिङ्हरूमा जानुपर्छ।


1. स्क्रिनको माथिल्लो बायाँ कुनामा, Apple मेनु खोल्न Apple आइकन बटनमा क्लिक गर्नुहोस् र **System Preferences** छनोट गर्नुहोस्।





2. *System Preferences* विन्डोमा **Language & Region** बटनमा क्लिक गर्नुहोस्।



3. *Language & Region* मेनुमा, **Preferred languages** अन्तर्गत,+ **सङ्केत** बटनमा क्लिक गर्नुहोस्।



4. ड्रप-डाउन मेनुमा, भाषा चयन गर्नुहोस् त्यसपछि **Add** बटनमा क्लिक गर्नुहोस्।




5. तपाईंलाई नयाँ भाषा स्विच गर्न प्रेरित गर्नुपर्छ। प्रेरित नभएमा, पछिल्लो स्क्रिनमा रहेको मेनुको शीर्षमा नयाँ भाषा बटनलाई क्लिक गरेर तान्नुहोस् (चरण 3 मा देखाइएको छ)।




6. नयाँ भाषा सेटिङहरू प्रभावकारी बनाउन **Restart Now** बटनमा क्लिक गर्नुहोस्।

